आज मिति २०८१ साल श्रावण महिनाको २४ गते विहान ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १६२ औ नियमित वैठक ( दोश्रो पदाधिकारीको छतीसौ वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी .

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**म्याग्दे गाउँकार्यपालिकाको १६२औं बैठक मिति २०८१।०४।२४ का प्रस्तावीत ३२ ऐजेण्डाहरु**

०१, करार विज्ञापन सूचना अनुमोदन / प्रधानमन्त्री रोजगार संयोजक फायल अध्यन नतीजा प्रकाशन सम्वन्धमा ।
०२, आर्थिक विपन्न घर ( नामावली स्वीकृत ) सम्वन्धमा ।
०३, अधिकार प्रत्यायोजन सम्वन्धमा ।
०४, वकील करार तथा करार नविकरण सम्वन्धमा ।
०५, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन जानकारी सम्वन्धमा ।
०६, जरीवना असुली सम्वन्धमा ।
०७, गण्डकी प्रदेश नवप्रर्वतन योजना छनौट/स्वीकृत सिफारीस सम्वन्धमा ।
०८, वडा अध्यक्षको वैदेशिक भ्रमण स्वीकृत सम्वन्धमा ।
०९, गाउँशिक्षा योजना निर्माण समिति गठन सम्वन्धमा ।
१०, दमकल प्रयोग र शुक्लागण्डकी नगरपालिका सग सम्झौता सम्वन्धमा ।
११, आर्थिक विपन्न घर निर्माण सगै सो घरजग्गा विक्री वितरण कार्य रोक्का सम्वन्धमा ।
१२, प्रधानमन्त्री रोजगार पदपुर्ति समिति को संयोजक र विषय विज्ञे तोक्ने सम्वन्धमा ।
१३, सामी रिटनिङ्ग स्वयम सेवक लाई लेन्थमेन र सामी समेत (सडक मर्मत सुधार सहयोगी) करार गर्ने सम्वन्धमा ।
१४, लिलाम विक्री सम्वन्धमा ।
१५ ,तिज पर्व तथा तिज गित प्रर्तियोगीता सम्वन्धमा ।
१६, उपभोक्ता समिति गठन सगै तालिम सञ्चालन सम्वन्धमा ।
१७, जि.पि. र दमौली अस्पताल सग अनुरोध गर्ने सम्वन्धमा ।
१८, स्वास्थ्य सस्था र विद्यालय अनुगमन समिति, र परिक्षा समिति गठन सम्वन्धमा ।
१९, पशु सेवाको भवन निर्माण सम्वन्धमा ।
२०, ठेक्का प्रकाशन सम्वन्धमा ।
२१, चारधाम निर्माण स्थल तथा डि.पि.आर. निर्माण सम्वन्धमा ।
२२, स्थानीय विदा सम्वन्धमा ।
२३, ल्याण्डफिल्डसाईट सञ्चालनको लागी प्रस्ताव आब्हान सम्वन्धमा ।
२४, ल्याण्डफिल्ड साईटका पुर्वाधार निर्माण र अन्य व्यवस्थापन सम्वन्धमा ।
२५, भु उपयोग परिषदको सिफारिस कार्यान्वयन सम्वन्धमा ।
२६, कर्मचारी लाई निर्देशन सम्वन्धमा ।
२७, तारजाली खरिद सम्वन्धमा ।
२८, विभिन्न खरिद तथा लागत अनुमान स्वीकृत सम्वन्धमा ।
२९, करार विज्ञान विषयको शिक्षक व्यवस्थापन सम्वन्धमा ।
३०, खरिद योजना तथा खरिद गुरुयोजना ०८१।०८२ स्वीकृत गर्ने सम्वन्धमा ।
३१, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।
३२, विविध विषय सम्वन्धमा ।

**मिति २०८१।०४।२४ को १६२ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय न. १६२/२०८१।०८२– ०१,**

म्याग्दे गाउँपालिकाको लागी आवश्यक पर्ने तपशिल बमोजिमका पदमा करार पदपुर्ति गर्ने गरि सेतीमादी दैनिकमा मिति २०८१।०४।२२ मा प्रकाशित करार सूचना अनुमोदन गर्ने साथै प्रधानमन्त्री रोजगार संयोजक को करार पदपुर्ति गर्ने गरी गरिएको सूचना बमोजिम दर्ता हुन आएका आवेदनको फायल अध्यन पश्चात को मुल्याङ्कन बमोजिम तपशिल बमोजिम सर्ट लिस्टीङ्ग नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

**तपशिल**

**(प्रथम पटक प्रकाशित मिति :- ( २०८१/०४/२२ गते मंगलबार)**

म्याग्दे गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।०४।०७ तथा गाउँसभाको निर्णय न. ५६ अनुसार तपशिल बमोजिमका पदमा म्याग्दे गाउँपालिकाको करारमा प्राविधिक तथा अप्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ पहिलो शंशोधन २०८० समेतको आधारमा सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक व्यक्ती मार्फत रितपुर्वकको १५ दिने ( २०८१।०५।०४ कार्यालय समय भित्र ) दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

| .विज्ञापन न. | करार हुने पद र तह | माग सख्या | फायल अध्यन | अन्तर्वार्ता अङ्क | अन्तर्वार्ता मिति | कैफिएत |
|---|---|---|---|---|---|---|
| ०१/०८१ –०८२ | विधुत अप्रेटर | १(एकं) (पुरुष ) | ८० अङ्क | २० अङ्क | फायल अध्यन पश्चात सर्ट लिस्टीङ मा छनौट भएकालाई ,गाउँपालिका को वेभसाईट सुचना मार्फत जानकारी गराईने । | स्थानीय नागरीक, विधुत र प्लम्वर दुवै काममा अनुभवी लाई विशेष प्रांथामीक्ता दिईनेछ । |
| ०२/०८१ –०८२ | का.स. ( फोहोरमैला संकलक ल्याण्डफिल्ड साईट) | १(एक) पुरुष) | ०।० | २० अङ्क | गाउँपालिका को वेभसाईट सुचना मार्फत जानकारी गराईने । | अनुभवी, निरोगी , शारीरीक तन्दुरुस्ती र वैदेशिक रोजगार वाट फर्कका लाई विषेश प्राथामीक्ता दिईनेछ । |

**नोट:-**सि.न.१ को हकमा ७००,/२ को हकमा ५०० फारम दस्तुर लाग्नेछ/ फाराम पाईने स्थान म्याग्दे गा.पा. कार्यालय छाङ तनहुँ ,/ उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ,/ तपशिलमा तोकीएका शैक्षीक योग्यता तथा सिप सिकेको प्रमाणपत्र को प्रर्तिलिपी, नागरिक्ताको प्रर्तिलिपी, र विभिन्न कार्य अनुभवको प्रमाणपत्र प्रर्तिलिपी समेत पेश गर्नुपर्ने छ । करार अवधि गा.पा. लाई आवश्यक्ता रहे बमोजिम , सेवा सुविधा सि.न. १ को हकमा मासिक १५ हजार,/ सि.न.२ को हकमा प्रचलीत स्केल बमोजिम तथा सम्झौतामा तोके बमोजिम हुने

**आवश्यक न्युनत योग्यता ( वि.न.१ को हकमा )**

१, नेपाली नागरीक

Scanned with CamScanner

२, SEE / SLC उर्तिण गरी प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद (CTEVT) वा सो सस्था वाट मान्यता प्राप्त निकाय वाट विल्डिङ्ग, ईलेक्ट्रिसियन व्यवसाय तह १ को ३९० घण्टा वा सो भन्दा वढी अवधिको सिप परिक्षण तालिम सम्पन्न गरेको / वा तोकीएको योग्यता SEE / SLC उर्तिण सगै ३२२ घण्टा वा सो भन्दा वढी समयको आधारभुत विधुत जडान तालिम लिएको र सो काम हालसम्म निरन्तर गरिरहेको ।

**आवश्यक न्युनत योग्यता ( वि.न. २ को हकमा )**

१, नेपाली नागरीक

२, सामान्य लेखपढ गर्न जानेको / स्थानीय तहमा काम गरेको /स्वस्थ, लाई विशेष प्राथमिक्ता दिईनेछ ।

**(ख) प्रधानमन्त्रि रोजगार फायल अध्यन र नतिजा प्रकाशन सम्वन्धमा ।**

**प्रारम्भिक योग्यताक्रमको सूचि (फाइल अध्यायन)**

**पदः रोजगार संयोजक**

| क्र.स. | नामथर | न्यूनतम शैक्षीक योग्यताको वापतको अंक (अधिक्तम ७०) | माथिल्लो शौक्षिक योग्यकता वापतको अंक(अधिक्तम १०) | अनुभव अंक(अधिक्तम १०) | स्थायी वासिन्दा अंक (अधिक्तम १०) | जम्मा प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्रीराम शर्मा मरासेनी | ४१.७२ | ० | ० | ० | ४१.७२ | रोजगार सहायक पदमा २०७९ पैष १२ देखि अविच्छिन्न कार्यरत |
| २ | सुस्मिता पुरी | २८.१५ | १० | ० | १० | ४८.१५ | माथिल्लो शौक्षिक योग्यताको प्रमाण पेश नभएको |
| ३ | सम्झाना रसइली | ५४.०१ | ० | ० | ० | ५४.०१ | |
| ४ | सोखिन कोइराला | ४१.१ | १० | ० | १० | ६१.१० | |
| ५ | सुष्मा नागिला | ३७.४२ | ० | ० | १० | ४७.४२ | |
| ६ | समिक्षा घिमिरे | ४८.१६ | ० | ० | १० | ५८.१६ | |
| ७ | हरिकला | ३२.३ | १० | ० | १० | ५२.३० | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खनाल | | | | | | |
| ८ | रमिन घिमिरे | ५०.१७ | ० | ० | १० | ६०.१७ | |
| ९ | सकुन्तला पौडेल | ३१.४ | १० | ० | १० | ५१.४० | |
| १० | ममता श्रेष्ठ | ४६.४८ | ० | ० | १० | ५६.४८ | |
| ११ | सरला लम्साल वाग्ले | २८.७९ | ० | ० | १० | ३८.७९ | |
| १२ | साधना रानाभाट | ४९.०५ | ० | ० | १० | ५९.०५ | |

Scanned with CamScanner

**निर्णय न. १६१/२०८१।०८२– ०२,**

चालु आ.व. ०८१।०८२ को स्वीकृत वजेटको परिधि भित्र रही आर्थिक विपन्न नागरिक आवास निर्माण अर्न्तगत दर्ता हुन आएका निवेदन,वडाको सिफारिस/व्यक्तीगत सम्झौता र कवुलियत /स्थलगत अध्यन प्रर्तिवेदन तथा विभिन्न कागजात अध्यन पश्चात आर्थिक विपन्न व्यक्ती अधिक्तम ३४ घर छनौट सगै प्राविधिक ले तयार गरेको लागत अनुमान स्वीकृत गरी यथाशिघ्र ठेक्का सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय न. १६२/२०८१।०८२– ०३,**

यस म्याग्दे गाउँपालिकाको कार्यालय, अर्न्तगत न्यायीक समिति, विरुद्ध परेका तथा पर्न आउने मुद्धा मामिलाको गाउँपालिका कार्यालय गाउँ न्यायीक समितिको तर्फ वाट विभिन्न न्यायिक तथा अर्धन्यायिक निकायहरुमा प्रर्तिरक्षा, (वाद प्रर्तिवाद ) गर्न को लागि यस गाउँपालिकाका उपाध्यक्ष श्री वालकृष्ण घिमिरे ज्यू लाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय न. १६२/२०८१।०८२– ०४,**

**(०४,क)** यस म्याग्दे गाउँपालिका कार्यालय गाउँ न्यायीक समिति १,/ म्याग्दे गाउँपालिका वडा न.४ को कार्यालय १, /म्याग्दे गाउँपालिका वडा न. ४ को कार्यालय स्थानीय पञ्जिकाधिकारी १, / समेतका विरुद्ध परेको उत्प्रेषण/ परमादेश मु.न. ०८०– WO –०२०६ मुद्धामा श्री सम्मानित उच्च अदालत पोखरावाट यस म्याग्दे,गाउँपालिका कार्यालय गाउँ न्यायीक समिति १,/ म्याग्दे गाउँपालिका वडा न.४ को कार्यालय १, /म्याग्दे गाउँपालिका वडा न. ४ को कार्यालय स्थानीय पञ्जिकाधिकारी १, /समेत को नाउमा १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भनी जारी भएको म्याद मिति २०८१।०४।२० मा

विधुतिय मेल मार्फत तामेल भएको हुदा उक्त मुद्धामा म्याग्दे गाउँपालिका कार्यालय गाउँ न्यायीक समिति १,/ म्याग्दे गाउँपालिका वडा न.४ को कार्यालय १, /म्याग्दे गाउँपालिका वडा न. ४ को कार्यालय स्थानीय पञ्जिकाधिकारी –१, समेतको तर्फ वाट लिखित जवाफ दर्ता गर्ने निर्णय गरीयो ।

(०४,ख) यस म्याग्दे गाउँपालिका कार्यालय गाउँ न्यायीक समिति १,/ म्याग्दे गाउँपालिका वडा न.४ को कार्यालय १, /म्याग्दे गाउँपालिका वडा न. ४ को कार्यालय स्थानीय पञ्जिकाधिकारी १,/ लाई विपक्षी वनाई श्री सविता वैद्य ले दिएको रिट न.०८०-W०-२०६ को उच्च अदालत पोखरामा पेश गरेको फिराद पत्र उपरको मुद्धा २०८१।०४।२० मा सम्मानीत उच्च अदालत पोखरा मार्फत विधुतिय मेलको माध्यम वाट म्याद वुझाएको दखीएको हुदा यस म्याग्दे गाउँपालिका कार्यालय, गाउँ न्यायीक समिति १,/ म्याग्दे गाउँपालिका वडा न.४ को कार्यालय १, /म्याग्दे गाउँपालिका वडा न. ४ को कार्यालय स्थानीय पञ्जिकाधिकारी १, को तर्फ वाट उच्च अदालतको परमादेश तथा आदेश उपर लिखित जवाफ दर्ता, प्रतिवाद , वहस पैरवी गर्न यस मुद्धामा गर्नुपर्ने कानुनी कारवाहीका लागी अधिवक्ता श्री शिव दत्त ढकाल लाई अख्तियारी दिने साथै कार्यालयको प्रतिनिधीको रुपमा प्रशासन शाखा प्रमुख तथा न्यायीक समिति समेत हेर्ने श्री ईन्द्र प्रसाद खनाल लाई पठाउने निर्णय गरियो ।

(४ग) विगतमा परेका तपशिल बमोजिमका उजुरीसग सम्वन्धीत मुद्धामा वहस पैरवी गर्नेगरी यस अगाडी करार गरिएका तपशिल बमोजिम कानुन व्यवसायीलाई मुद्धाको अन्तिम किनारा नलागेको हुदा पुन यस आर्थिक वर्षमा पनी नविकरण गर्ने निर्णय गरियो ।

**तपशिल**

१, म्याग्दे गाउँपालिका कार्यालय–१, /म्याग्दे गाउँपालिका गाउँकार्यपालिका कार्यालय १,/म्याग्दे गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ १,/ म्याग्दे गाउँकार्यपालिकाका प्रमुख कार्यकारी अधिकृत नारायण प्रसाद अधिकारी १,/ म्याग्दे गाउँपालिका राजश्व परामर्श समिति १,/ समेत लाई विपक्षी वनाई (पासा कन्सट्रक्सन प्रा.लि. का सञ्चालक श्री हरि कुमार श्रेष्ठ समेत ले दिएको रिट न.०८०-W०-०१७७/ जानकी थापा ले दर्ता गरेको